# थपियो अर्को रियालिटी शो डान्स च्याम्पियन

**गोपिकृष्ण चापागाईं/हिटा**
**काठमाडौं, ९ कात्तिक**

नेपालमा पछिल्लो केही वर्षयता रियालिटी शोहरूको बाढी नै आइरहेको छ। विभिन्न अन्तर्राष्ट्रिय रियालिटी शोहरूको फ्रेन्चाइज नेपालमा भित्रिरहेका छन् भने केही मौलिक रियालिटी शो चर्चामा छन्। गायन रियालिटी शोको कुरा गर्दा अन्तर्राष्ट्रिय बजारमा निकै चर्चामा रहेका नेपाल आइडल र द भ्वाइसले नेपालमा पनि राम्रो लोकप्रियता कमाएका छन्। यस्तै डान्सिङ रियालिटी शोमा डान्सिङ विथ द स्टारले केही हदसम्म चर्चा कमायो। यस्तै अहिले अर्को अन्तर्राष्ट्रिय बजारकै गायन रियालिटी शो सारेगम पनि प्रसारण भइरहेको छ।




कमेडी मौलिक रियालिटी शो कमेडी च्याम्पियनले पनि लोकप्रियता कमायो। यसैबीच यही भिडमा अर्को डान्सिङ रियालिटी शो 'डान्स च्याम्पियन' प्रसारणमा आउने भएका छन्। यो भने अन्तर्राष्ट्रिय बजारको फ्रेन्चाइज नभई मौलिक डान्सिङ रियालिटी शो हुने बताइएको छ। इन्टरनेशनल डान्स एकेडेमी एण्ड फिल्मस् प्रालिले कि एडभर्टाइजिङ सर्भिस प्रालिका लागि कार्यक्रम उत्पादन गर्नेछ।

मंगलबार काठमाडौंको एभरेष्ट होटलमा आयोजित पत्रकार सम्मेलनमा कार्यक्रम बारे जानकारी गराइएको थियो। कार्यक्रम यही कात्तिक २५ गते बिहीबारदेखि कान्तिपुर टेलिभिजनमार्फत प्रसारण गरिने जानकारी गराइयो। यस्तै डिजिटल राइट्स ओ.एस.आर डिटिजलले लिएको छ।

शो प्रत्येक बिहीबार र शुक्रबार साताको दुई दिन बेलुकी ९ बजेदेखि टेलिभिजनमा प्रसारण हुने बताइएको छ। यस्तै यस शोका लागि निर्णायकहरू छनोट भइसक्नुभएको छ। पत्रकार सम्मेलनमा तीन निर्णायकको परिचय गराइयो। नेपाली चलचित्र क्षेत्रकी लोकप्रिय अभिनेत्री निरुता सिंह, डान्सर आश्मा विश्वकर्मा र कोरियोग्राफर जगत रावल निर्णायकको भूमिकामा रहने बताइयो। शोको निर्देशन गजित विष्टले गर्दै हुनुहुन्छ। यस्तै शोमा होष्टको रूपमा भने उमेश राई (फुलन्देकी आमा) र निशान्त कटुवाल रहनुभएको छ।

कार्यक्रममा निर्देशक विष्टले शोको फर्मेट आफ्नै मौलिक हुने बताउनुभयो। उहाँले भन्नुभयो, 'यो शो कुनै विदेशी फ्रेन्चाइज होइन, त्यसैले हाम्रो फर्मेट हुनेछ।' निर्देशक विष्टका अनुसार शोमा विजेता हुनेका लागि २५ लाख रुपैयाँ धनराशी पुरस्कार राखिएको छ। कार्यक्रम ३४ भागको रहनेछ।

शोका लागि यसअघि नै डिजिटल अडिशन भइसकेको जानकारी गराइयो। निर्णायकको भूमिकामा बस्दा आफूहरूमा थप जिम्मेवारी थपिएको अभिनेत्री निरुताले बताउनुभयो। 'यसअघि कुनै टेलिभिजन शोमा म यसरी निर्णायक बस्ने मौका पाएकी थिइन्, मेरो लागि नयाँ हो। उत्साहितसँगै जिम्मोवारी थपिएको आभास भएको छ। मेरोतर्फबाट वेष्ट गर्नेछु।' निरुताले भन्नुभयो, 'अहिलेको समयमा रियालिटी शोमा दर्शकहरूको ध्यान गएको छ। विशेषगरी विदेशी रियालिटी शो नेपालमा निकै हेरिन्छ, हामी मौलिक रियालिटी शोमार्फत जोडिएका छौं, त्यसैले कस्तो लाग्छ हेरेर प्रतिक्रिया दिनुहुन आग्रह गर्छु।'

निरुताले आफूलाई अभिनयसँगै नृत्यको पनि राम्रो ज्ञान भएको जानकारी गराउनुभयो। अभिनयमा बढी लोकप्रियता कमाए पनि नृत्यमा आफूलाई ज्ञान भएको र न्यायपूर्ण तरिकाले निर्णायकको भूमिका निभाउने उहाँको भनाइ थियो। नेपाली चलचित्र क्षेत्रमा दक्षिणाबाट डेब्यु गर्नुभएकी निरुताले दर्जनौं गीतमा नृत्य गर्नुभएको छ। साथै उहाँको नृत्यको तारिफ गर्ने गरिन्छ। अर्की निर्णायक आश्माले आफू सानैदेखि नृत्यमा लागिरहेको र अनुभव धेरै लिएको जानकारी गराउनुभयो। विभिन्न रियालिटी शोहरूमा विजेता बन्नुभएकी आश्मा शोका लागि उत्साहित रहेको बताउनुभयो। आश्मा डान्सिङ ग्रुप कार्टुन क्रुको सदस्य हुनुहुन्छ।

यस्तै अर्का निर्णायक कोरियोग्राफर जगत रावल लामो समयदेखि भारतमै बसेर विभिन्न रियालिटी शोको अनुभव बटुल्नुभएको छ। उहाँले डान्स इण्डिया डान्समा आफ्नो ट्यालेन्ट देखाइसक्नुभएको छ भने थुप्रै स्टारलाई कोरियोग्राफी गरिसक्नुभएको छ। नेपाली भाषा प्रष्ट बोल्न नआउने रावलले नेपाली भाषा सिक्ने र शो सुरु हुन्जेलसम्म सकेसम्म पूरा नेपालीमै बोल्ने जानकारी गराउनुभयो। उहाँले भन्नुभयो, 'म भारतमै बढी भएकाले नेपाली भाषा पूरा आउँदैन। तर म सिक्दैछु। छिट्टै धेरै नै सिक्छु होला। शोमा नेपालीमै बोल्नेछु।'

शोका निर्देशक विष्टले पछिल्लो समय रियालिटी शोको बाढीमै आफूहरू आउँदा झन् राम्रो हुने बताउनुभयो। उहाँले भन्नुभएको छ, 'त्यो बाढीमै मिसिएर आइयो भने नराम्रो कुराहरूलाई बगाएर लैजान्छ। त्यसबाट राम्रो छानिन सक्छ।'

# चीनको गान्सु प्रान्तमा 'लकडाउन'

**बेजिंग/एजेन्सी।** कोरोना भाइरस (कोभिड-१९)को संक्रमण फैलिएपछि चीनको गान्सु प्रान्तमा 'लकडाउन' घोषणा गरिएको छ। ४० लाख मानिसहरूको बसोबास रहेको लान्जहोउ शहरमा मंगलबार लकडाउन घोषणा गरिएको हो।

लान्जहोउका बासिन्दालाई अत्यावश्यक कामबाहेक घरबाट बाहिर ननिस्कन भनिएको छ। कोभिड भित्रभित्रै आगो झैं फैलिएको भन्दै नियन्त्रण लागि सरकारले फेरि लकडाउन घोषणा गरिएको हो। सो शहरमा कोभिडका २९ जना नयाँ संक्रमित भेटिएका छन्। पछिल्लो समयमा चीनमा कोभिडको नयाँ स्वरूप डेल्टा भाइरस देखिएको छ। भाइरस फैलिएसँगै सरकाले यसै साता आयोजना हुने बेइजिङ म्याराथुन स्थगित गरेको छ।

स्वास्थ्यविद्हरूले संक्रमितको संख्या अझै बढ्न सक्ने चेतावनी दिँदै परीक्षणलाई तीव्र पारिरहेका छन्। राजधानी बेइजिङमा भने मंगलबार तीन नयाँ संक्रमित फेलापरेका छन्। स्थानीयलाई अति आवश्यक कामबाहेक शहर नछाड्न आग्रह गरिएको छ। बाँकी विश्वसँग तुलना गर्दा चीनको संक्रमणदर अत्यन्तै थोरै लागे पनि चीनले महामारीको सुरुवातदेखि नै शून्य संक्रमण नीति अपनाउँदै आएको छ।

## भागेश्वर गाँउपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
बगरकोट, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश,नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: २०७८/०७/१०

यस कार्यालयबाट तपशिलमा उल्लेखित निर्माण कार्यका लागि मिति २०७८/०५/२० गते सौर्य राष्ट्रिय दैनिक तथा सार्बजनिक खरिद अनुगमन कार्यालयको विधुतिय खरिद प्रणाली www.bolpatra.gov.np/egp मा प्रकाशित सुचना अनुसार तोकिएको समय भित्र पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिश भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:

| क्र.स. | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाता फर्म | कबोल रकम (भ्याट बाहेक) |
|---|---|---|---|---|
| 1 | BRM/DAD/NCB/Works/077/078/06 | Tourism Infrastructure Development Program (Saayal Jharnaa) | Shivalaya-Nishan-Kinara JV, Jayaprithivi Municipality-10, Bajhang | 14563789.95 |

**प्रमूख प्रशासकिय अधिकृत**

## लक्ष्मी बैंक लिमिटेडका ऋणी, धितो जमानीकर्ता, व्यक्तिगत जमानतकर्ता तथा ऋणीसंग सम्बन्धित सबैलाई ऋण कर्जा चुक्ता गर्ने तथा पुनः धितो लिलाम बिक्रीको लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान गरेको १५ दिने सार्वजनिक सूचना।

(प्रकाशित मिति : २०७८/०७/१०)

यस बैंकबाट तपसिलमा उल्लेखित तपाईं ऋणीले उपभोग गर्नु भएको ऋण कर्जाको शर्त-सम्झौता बमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने रकम (सावाँ, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि) चुक्ता भुक्तान गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले मिति २०७६/०९/०१ गतेका दिन राजधानी राष्ट्रिय दैनिकमा ऋण कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा मिति २०७७/०८/२४ गतेका दिन नयाँ पत्रिका राष्ट्रिय दैनिकमा ऋण कर्जा चुक्ता गर्न आउने तथा धितो लिलाम बारेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता नगरेको साथै २४ अगष्ट २०१९ देखि कर्जा अनियमित भई हालसम्म पनि कर्जा रकम भुक्तानी नगरी कर्जाको बेवास्ता गरी बसेकोले पुनः यो ऋण कर्जा चुक्ता गर्ने तथा धितो लिलाम बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान गरेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त कर्जाको सम्पूर्ण सावाँ ब्याज तथा हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गरी लेखिदिएको धितो फुकुवा गरी लैजानु हुनका लागि सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशिका बमोजिम ऋणी तथा जमानतकर्ता लगायत सम्बद्ध सबैलाई बिना अन्य सूचना कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गराउने व्यहोरा जानकारी गराइन्छ। साथै तपसिलमा उल्लेखित धितो सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम गोप्य शिलवन्दी बोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त धितो सम्पत्ती के कती दर भाउ र मूल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य सिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय चिप्लेढुङ्गा, पोखरामा दाखिला गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौ) दिन अर्थात मिति २०७८/०७/२५ (सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै-बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय चिप्लेढुङ्गा, पोखरामा दिनको ठीक ११:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम एक प्रतिको रु. १०००/- (फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिने गरी यस बैंकको शाखा कार्यालय चिप्लेढुङ्गा, पोखराका साथै केन्द्रिय कार्यालय हात्तिसार, काठमाण्डौमा समेत उपलब्ध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री हुन नसकेमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा जानकारी गराउदै उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणी लगायतका सम्बद्ध व्यक्तिहरुको अन्य चल अचल सम्पत्तीबाट समेत असुल उपर गरी लिइने वा/तथा कानून बमोजिम कर्जा असुलीको लागि मुद्दा दायर गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ। साथै धितो जमानतकर्ता, व्यक्तिगत जमानतकर्ता, ऋणी फर्म/कम्पनीका शेयरधनी, संचालकले समेत यसै सूचना बमोजिम ऋणीलाई तोकिएको अवधी भित्रमा कर्जा चुक्ता गर्न लगाउनु हुन वा आ-आफनो दायित्व बमोजिम कर्जा चुक्ता गर्नुहुन समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

**तपसिल**

| ऋणीहरु तथा जमानतकर्ताहरुको विवरण | फोटो | धितो सुरक्षणको विवरण |
|---|---|---|
| **ऋणीको नाम :-** नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, घरेलु तथा साना उद्योग कार्यालय, कास्कीमा प्रा.फ.र.नं. ५३१२/०६८/०६९ मिति २०६८/०९/२५ मा दर्ता भई कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ०४ मा रजिष्टर्ड ठेगाना रही आन्तरिक राजश्व कार्यालय पोखरामा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०५३९०२६४ मिति २०६८/०९/२५ मा दर्ता भएको **श्री कृशिका सुन चाादी पसल।**<br><br>**प्रोपाईटरको नाम :- किशन सेन्चुरी सुनार** (ना.प्र.न ३२१९५ जिल्ला प्रशासन कार्यालय काठमाण्डौं, जारी मिति २०६३/०२/०९)<br>**बाबु :-** केशव सुनार। **बाजे :-** रमेश सुनार।<br>**ठेगाना :-** काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ०९, पुरानो बानेश्वर।<br><br>**व्यक्तिगत तथा धितो जमानतकर्ता:-**<br>**श्रीमती सुनिता सेन्चुरी सुनार** (ना.प्र.न ३२३९६ जिल्ला प्रशासन कार्यालय काठमाडौं जारी मिति २०६३/०२/११)<br>**बाबु :-** मेगेन्द्र बहादुर बि.क.। **पति :-** किशन सेन्चुरी (सुनार)<br>**ठेगाना :-** काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ०९, पुरानो बानेश्वर। | <br>**किशन सेन्चुरी सुनार**<br><br><br>**सुनिता सेन्चुरी सुनार** | १. धितो जमानतकर्ता श्रीमती **सुनिता सेन्चुरी सुनार**को नाममा मालपोत कार्यालय कास्कीको लगतमा दर्ता रहेको कास्की जिल्ला पोखरा उ.न.पा. वडा नं. २, सिट नं. ०९३०८७९१० स्थित कित्ता नं. १०७ को क्षेत्रफल ६३ बर्ग मिटर जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।<br><br>२. ऋणीले बैंकलाई लेखिदिएको स्टक मौज्दात, मेशीनरी, बजारबाट उठाउन बाँकी उधारो तथा चल सम्पत्तीको लागि गरिदिएको हाईपोथिकेशन। |

पुनश्च : अन्य जानकारीको लागि यस बैंकको केन्द्रिय कार्यालय हात्तिसार, काठमाडौं स्थित कर्जा असूली विभागमा तथा शाखा कार्यालय चिप्लेढुङ्गा, पोखरामा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।

**लक्ष्मी बैंक लिमिटेड**
**Laxmi Bank Limited**
लक्ष्मी कम्प्लेक्स, हात्तिसार, काठमाडौं
फोन: ४४४४६८४/८५, पो.ब.नं.: १९५९३
Email: info@laxmibank.com, URL: www.laxmibank.com

## Birtamode Municipality
## Office of Municipal Executive
Birtamode, Jhapa

### Invitation for Online Bids

**Date of Publication: - 2078/07/10**

1. Birtamode Municipality has allocated funds towards the cost of construction of Premixed Carpet/Asphalt Concrete roads to apply part of the funds to cover eligible payments under the following works. Bidding is open to all eligible bidders as per section V of Bidding Document.
2. Birtamode Municipality, Office of Municipal Executive, Birtamode, Jhapa invites electronic bids from eligible bidders for the construction of following works under National Competitive Bidding.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Birtamode Municipality, Office of Municipal Executive, Birtamode, Jhapa or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Interested bidders should register in e-GP system and deposit the cost of bidding documents mentioned table below in the bank account as specified below :-
   a. Name of the Bank: **NIC Asia Bank**
   b. Name of Office : **Birtamode Municipality, Office of Municipal Executive, Birtamode, Jhapa**
   c. Office Code No. : **801011205**
   d. Office Account no.: **246CA50018870002 (Sanchit Kosh Khata)**
5. Electronic bids must be submitted to Birtamode Municipality, Office of Municipal Executive through PPMO's eGP system www.bolpatra.gov.np/egp on or before **2078/08/10** at 12 : 00 Hours.
6. Pre-bid meeting shall be held at Birtamode Municipality Office, Office of Municipal Executive, Birtamode, Jhapa at **2078/08/03** at 14 : 00 Hours.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hrs on **2078/08/10** at Birtamode Municipality, Office of Municipal Executive, Birtamode, Jhapa. Bids must be valid for a period of **90** days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format, amounting as mention in table below which shall be valid for **30** days beyond the validity period of the bid. If bidder wishes to submit the cash security, the cash should be deposited in the following bank account :
   a) Name of the bank **:- NIC Asia Bank**
   b) Name of Office **:- Birtamode Municipality, Office of Municipal Executive**
   c) Office Code No. **:- 801011205**
   d) Office Account No. **:- 246CA50018870005 (Dharauti Khata)**
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Detail of works are as given below :-

| Sn. | Contract Identification No. | Description of Works | Bid Security Amount (NRs.) | Bid Document Price (NRs) | Estimated Amount (Without VAT ) (NRs.) |
|---|---|---|---|---|---|
| 1 | BTMMUN/WORKS/ROADS/NCB-06/078-79 | Prabhu Lal Marga Asphalt Concrete Works, BTM -2 | 1,40,000.00 | 3,000.00 | 54,80,519.99 |
| 2 | BTMMUN/WORKS/ROADS/NCB-07/078-79 | Mangalu Miya-Lokbandhu Marga Asphalt Concrete Works, BTM -6 | 1,40,000.00 | 3,000.00 | 54,88,131.65 |
| 3 | BTMMUN/WORKS/ROADS/NCB-08/078-79 | Shanti Tole-Titri Dangi-Anju Bhattarai Ko Ghar Road Asphalt Concrete Works, BTM-7 | 1,35,000.00 | 3,000.00 | 53,85,187.27 |
| 4 | BTMMUN/WORKS/ROADS/NCB-09/078-79 | Netra Marga-Panchakanya Mandir-Kolatoli-10 No. Ward Office Road Asphalt Concrete Works, BTM -10 | 1,40,000.00 | 3,000.00 | 54,98,131.65 |
| 5 | BTMMUN/WORKS/ROADS/NCB-10/078-79 | Sainik Camp-Drona Marga-Pattharbhitta-Shivalaya Chowk-Katardangi Road Asphalt Concrete Works, BTM -10 | 1,40,000.00 | 3,000.00 | 54,93,131.65 |
| 6 | BTMMUN/WORKS/ROADS/NCB-11/078-79 | Phaktanglung Tole-Hiranya Chowk-Sirijanga Tole-Buttabari/Paglibhatti Road Premixed Carpeting Works, BTM-7 | 95,000.00 | 3,000.00 | 37,33,264.63 |
| 7 | BTMMUN/WORKS/ROADS/NCB-12/078-79 | Harchana-Methibari Road Premixed Carpeting Works, BTM-8 | 95,000.00 | 3,000.00 | 37,54,238.60 |
| 8 | BTMMUN/WORKS/ROADS/NCB-13/078-79 | Triveni Chowk-Devkota School Road Premixed Carpeting Works, BTM-9 | 1,10,000.00 | 3,000.00 | 43,19,363.50 |

**Chief Administrative Officer**